क्रमसंख्या–६८

# सम्राट् अशोक

आचार्य
भिक्षु अमृतानन्द

बु. सं. २५३३
बि. सं. २०४६

ने. रू. २/५०

Downloaded from http://dhamma.digital

# लेखकका पुस्तकहरू:

| | | | ने रू |
|---|---|---|---|
| १. | •सं. बुद्धजीवनी चतुर्थावृत्ति | | ...रू १०/– |
| २. | धम्मपद तृतीयावृत्ति | | ...रू. ८/– |
| ३. | गृही–विनय तृतीयावृत्ति | | ...रू. १०/– |
| ४. | अग्रश्रावक | | |
| ५. | कसको कुरा सत्य हो | | |
| ६. | बुद्धशासनको इतिहास | भाग–१ | ...रू. ४/– |
| ७. | पटाचारा स्थवीरा | | |
| ८. | अम्बसक्कर प्रेतकथा | | |
| ९. | सुतनु जातक | | |
| १०. | बोधिराजकुमार | | |
| ११. | बुद्धकालीन ब्राह्मण | भाग–१ | ...रू. ७/– |
| १२. | बुद्धकालीन ब्राह्मण | भाग–२ | ...रू. १५/– |
| १३. | बुद्धकालीन ब्राह्मण | भाग–३ | ...रू. १७/– |
| १४. | बुद्धकालीन गृहस्थीहरू | भाग–१ | .. रू. ८/– |
| १५. | बुद्धकालीन गृहस्थीहरू | भाग–२ | ...रू. १५/– |
| १६. | बुद्धकालीन गृहस्थीहरू | भाग–३ | ...रू. १५/– |
| १७. | बुद्धकालीन राजपरिवार | भाग–१ | ...रू. १०/– |
| १८. | बुद्धकालीन राजपरिवार | भाग–२ | ...रू. १६/– |
| १९. | बुद्धकालीन राजपरिवार | भाग–३ | ...रू. १८/– |
| २०. | बुद्धकालीन परिव्राजकहरू | भाग–१ | ...रू. १६/– |
| २१. | बुद्धकालीन परिव्राजकहरू | भाग–२ | ...रू. १५/– |
| २२. | बुद्धकालीन परिव्राजकहरू | भाग–३ | ...रू. २३/– |
| २३. | बुद्धकालीन महिलाहरू | भाग–१ | ...रू. ८/– |
| २४. | बुद्धकालीन महिलाहरू | भाग–२ | ...रू. १४/– |
| २५. | बुद्धकालीन श्रावक-चरित | भाग–१ | .. रू. ९/– |

Downloaded from http://dhamma.digital

क्रमसंख्या–६८

# सम्राट् अशोक

आचार्य

भिक्षु अमृतानन्द

बु. सं. २५३३

बि. सं. २०४६

ने. रू.

Downloaded from http://dhamma.digital

प्रकाशक :
"आनन्द कुटी विहार गुठी"
(सं. द. नं. १।०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू
काठमाडौं, नेपाल ।

फोन– २७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३३
ने. सं. ११११
बि. सं. २०४६
ई. सं. १९८९

प्रथम संस्करण – २०००

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन – २२ १० ३२

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

सम्राट् अशोकको नाउँ नसुनेका विरलै होलान् । भारतवर्षमा सम्राट् अशोकले बुद्धधर्म प्रचार प्रसार गरी भगवान् बुद्धको शान्ती सन्देशद्वारा छिमेकी देशहरूलाई समेत लाभान्वित तुल्याइदिए । सम्राट्-अशोकले गाडेको स्तम्भको कारणले नै हामीले हाम्रो नेपालको लुम्बिनी र कपिलबस्तु खोजी गर्न सकेका हौं । उनकै बिषयमा लेखिएको महत्वपूर्ण यो पुस्तिका, हो । हुनत पछि यो शब्दकोषमा प्रकाशीत हुनेनै छ । तैपनि अहिले यो सानो तर महत्वपूर्ण ग्रन्थ लुम्बिनीमा आयोजित दोस्रो महत्वपूर्ण राष्ट्रिय बौद्ध सम्मेलनको अवसरमा प्रकाशित गर्न पाउंदा आनन्द कुटी बिहारगुठीलाई खुशी लागेको छ । यस महत्वपूर्ण ग्रन्थ प्रकाशित गर्न गुठीलाई सुम्पि दिनुभएकोमा गुठीका संस्थापक श्रद्धेय अमृतानन्द महानायक महास्थविरज्यू लाई कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तिका गुठीको ६८औं प्रकाशन हो ।

भिक्षु मैत्री
सदस्य–सचिव
आ. कु. बि. गुठी

Downloaded from http://dhamma.digital

# दुई शब्द

प्रस्तुत पुस्तिका पुस्तक लेख्छु भनी लेखेको होइन। यो त भविष्यमा बौद्ध शब्दकोशमा राख्नको निमित्त तयार पारिराखेको हुँ।

यता केही वर्षदेखि मेरो मनमा नेपालको लागि बुद्धधर्म अध्ययन गर्नेहरूको सहायतार्थ "बौद्ध शब्दकोश" को आवश्यकता परेको छ भन्ने अनुभव गर्दै आएको छु। हुन त म त्यति समर्थ छैन। तैपनि आफूले सके अनुसार र आफ्नो श्रद्धा र बुद्धिले भेट्टाएसम्म जति सक्छु उति गर्नुपर्छ भन्ने बिचार मेरो मनमा बरोबर आइरहन्छ। यसै कारण बिस्तार बिस्तारै दुई साल अघिदेखि यसको लागि शब्द संग्रह गर्ने काम शुरु गरें। किन्तु अहिलेसम्म कोशको काममा मात्र ध्यान दिन सकेको छैन। शायद अबदेखि यही काममा मात्र तन मन लगाउन सकूंला कि भन्ने आशा राखेको छु।

शब्द संग्रह गर्ने क्रममा जब मेरो अगाडि 'अशोक' शब्द आयो तब मलाई यस सम्बन्धी बिषयमा लेख्न मनलाग्यो। अनि यसरी लेखें। लेख्दाखेरि जहिले पनि मेरो मनमा पाठकहरूले बुझ्न सकून् र बुझाउन सक्ने गरी लेख्न सकूँ भन्ने कामना रहेको हुन्छ। तर बिषयवस्तु बुद्धधर्मको भएको हुनाले कहिले काहिं सारै अप्ठेरो अनुभव हुन्छ।

Downloaded from http://dhamma.digital

मेरो लेखाइको मूल श्रोत पालि त्रिपिटक मात्र हो। अतः यसमा लेखिएका कुराहरू पनि बुद्धधर्मको दृष्टिकोण बाट र त्रिपिटकको आधारमा मात्र हुन्।

यस प्रकार लेख्ने मनसुवा राखेकोछु भन्ने भावना अभिव्यक्तको लागि मात्र प्रस्तुत पुस्तिका प्रकाश गरेको हुँ।

भविष्यमा के कस्तो परिस्थिति हुने हो भनी अहिले नै भन्न सक्दिन। "अचिन्तितं पि भवति चिन्तितं पि विनस्सति" भने झैं नचिताएको पनि हुनसक्छ र चिताएको पनि न हुनसक्छ। यदि त्यस्तो केही नभई सबै कारणहरू अनुकूल हुन आएमा, वातावरण अनुकूल भएमा, चिताए बमोजिम परिस्थिति भएमा ५/६ वर्षसम्ममा केही काम सिद्ध गर्न सकूँला कि भन्ने आशा राखेको छु।

"चिरं तिट्ठतु सद्धम्मो"

—भिक्षु अमृतानन्द

२५।८।०४६

आनन्द कुटी विहार
स्वयम्भू, काठमाडौं।
फो. नं. २७१४२०

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# सम्राट् अशोक

अशोक— यो, बिन्दुसार[१] राजाका छोरा सम्राट् अशोकको नाम हो । पालिसाहित्यमा यिनलाई 'धर्माशोक' भन्दछन् । बुद्धधर्म स्वीकार्नु भन्दा अघि अशोकलाई 'चन्दाशोक'[२] भन्दथे । बुद्धधर्म स्वीकारे पछि 'धर्माशोक' (धम्माशोक) भन्न थालेका हुन् (महा. वं. टी. पृ. १८८ पञ्चमपरिच्छेद)

---

१. 'बिन्दुसार' भन्ने को हुन् भन्ने बारेमा समन्तपासादिकाले यसरी उल्लेख गरेको छ—

(१) महा. वं. टी. पृ. १०६ द्वितीय परिच्छेद अनुसार बिम्बिसार राजाले ३२ वर्ष सम्म राज्य गरे । अनि उनकै छोरा अजातशत्रुले उनको हत्या गरी आफू राजा बने ।

(२) अजातशत्रुले २४ वर्षसम्म राज्यगरे । अनि उनका छोरा उदायीभद्द (=उदायीभद्र) ले उनको हत्या गरी आफू राजा भए ।

Downloaded from http://dhamma.digital

(३) उदायीभद्रले १६ वर्ष सम्म राज्य गरे । अनि उनका छोरा अनुरूद्ध र मुण्डले उनको हत्या गरी आफू राजा बने ।

(४) अनुरूद्ध र मुण्डले ८ वर्ष सम्म राज्य गरे । पछि उनीहरूलाई नागदासक (=नागदाशक) ले हत्या गरे ।

(५) नागदाशकले २४ वर्ष सम्म राज्य गरे । पछि थी पितृ घातक अजातशत्रुको वंशका हुन् भनी नागरिकहरूले सुसुनाग भन्ने मंत्रीलाई राज्ययोग्य गराए ।

(६) सुसुनागले १८ वर्ष सम्म राज्य गरे । पछि उनकै छोरा कालाशोकले उनको हत्या गरी आफू राजा भए ।

(७) कालाशोकले २८ वर्ष सम्म राज्य गरे । यिनका १० जना छोराहरू थिए ।

(८) कालाशोकका १० जना छोराहरूले २२ वर्ष सम्म राज्य गरे । यिनीहरूका नन्द परम्परा नाम हुने ९ जना छोराहरू थिए ।

(९) थी नन्दपरम्परा नाम हुने ९ जनाले पनि २२ वर्ष सम्म नै राज्य गरे ।

(१०) यिनीहरू पछि चन्दगुत्त (=चन्द्रगुप्त) ले २४ वर्ष सम्म राज्य गरे ।

(११) चन्द्रगुप्त पछि बिन्दुसारले २८ वर्ष सम्म राज्य गरे ।

(१२) बिन्दुसार पछि अशोकले ३७ वर्ष सम्म राज्य गरे ।

Downloaded from http://dhamma.digital

(सम. पा. I. पृ. ६३ बाहिरनिदान कथा)

दिव्यावदानमा चाहिं यसरी उल्लेख भएको छ—

(१) राजगृह नगरमा बिम्बिसार राजाले राज्य गरेका थिए।

(२) त्यसपछि बिम्बिसारका छोरा अजातशत्रुले राज्य गरे।

(३) त्यसपछि अजातशत्रुका छोरा उदायीभद्रले राज्य गरे।

(४) उदायीभद्रका छोरा मुण्ड,

(५) मुण्डका छोरा काकवर्णी (पालिमा कालाशोक),

(६) काकवर्णीका छोरा सहली,

(७) सहलीका छोरा तुलकु,

(८) तुलकुकाछोरा महामण्डल,

(९) महामण्डलका छोरा प्रसेनजित्,

(१०) प्रसेनजित्का छोरा नन्द र

(११) नन्दका छोरा बिन्दुसारले राज्य गरे।

(१२) बिन्दुसारका छोरा सुसीम। चम्पा नगरवासी एक ब्राह्मणीको तरफबाट २ जना छोराहरू थिए। यिनीहरूको नाम अशोक र विगतशोक हो (पालिमा वीतसोक)। (दिव्यावदान, पांशुप्रदानावदानम् पृ. २३२–२३३)

२. दिव्यावदान, पृ. २३५ मा पनि उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital

जनिन्छ कि बिन्दुसारका १६ वटी पत्नीहरू थिए र १०१ जना छोराहरू थिए। बिन्दुसारका गुरु जनसान आजीवक थिए भनी डा. मललसेकरले आफ्नो D.P.P.I. पृ. २१६ मा उल्लेख गरेका छन्। २८ वर्ष सम्म यिनले राज्य गरे। (महा. वं. टी. पृ. १४९ पञ्चम परिच्छेद) त्यसैले उक्त ग्रन्थमा यस्तो उल्लेख गरेको हो —

"सो चतुवीस वस्सानी, राजा रज्जमकारयि
तस्सपुत्तो बिन्दुसारो, अट्ठवीसतिकारयि ॥
बिन्दुसार सुत्ता आसुं, सतं एकोच विस्सुता।
असोको आसि तेसं तु, पुञ्जतेजोबलिद्धिको ॥"

चन्द्रगुप्त राजाले २४ वर्ष सम्म राज्य गरे। उनका छोरा बिन्दुसारले २८ वर्ष सम्म राज्य गरे। बिन्दुसारका प्रज्ञातेजबलयुक्त अशोक भन्ने छोरा थिए[१]।

बिन्दुसारका कति वटी स्त्रीहरू थिए भन्ने कुरा यहाँ उल्लेख भएको पाईदैन।

सम. पा. I. पृ. ३६ बाहिरनिदानकथा, ततीयसङ्गीतिकथामा "बिन्दुसारस्स रञ्ञो एकसता पुत्ता अहेसुं" अर्थात् बिन्दुसार राजाका १०१ जना छोराहरू थिए।

---

१. दिव्यावदान, पंशुप्रदानावदान पृ. २३३ मा ब्राह्मणी अग्रमहिषीको तरफबाट अशोक र विगतशोक दुइ छोराहरू थिए भन्ने उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital

बिन्दुसारकी धम्मा (=धर्मा) भन्ने मौर्यवंशीय स्त्री अग्र-महिषी थिइन् । यिनको तरफबाट दुइ जना छोरा भए— (१) अशोक र अर्का एकजना छोरा थिए। जसको नाम (२) तिस्स (=तिष्य) कुमार हो। (महा. वं. टी. पृ. १५१, १५३,१५४,१५५)

बिन्दुसारका जेठा छोराको नाम सुमन हो र यिनका छोराको नाम निग्रोध (=न्यग्रोध) हो। जुन् पछि श्रामणेर भए। त्यसंले सम. पा. I. पृ. ३९ मा—

"को पनायं निग्रोध नाम ? बिन्दुसाररञ्ञो जेट्ठपुत्तस्स सुमन राजकुमारस्स पुत्तो" अर्थात्— यी निग्रोध भन्ने को हुन् ? बिन्दुसारका जेठा छोरा सुमन राजकुमारका छोरा हुन्" भनी उल्लेख भएको छ। महा. वं. टी. पृ. १५९ पञ्चम परिच्छेदमा—

"बिन्दुसारस्स पुत्तानं' सब्बेसं जेट्ठ भातुनो ।
सुमनस्स कुमारस्स, पुत्तो सो हि कुमारको" ।।

अर्थात्— "बिन्दुसार राजाका छोराहरू मध्ये सबभन्दा जेठा सुमन[1] राजकुमारका पुत्र नै सो न्यग्रोध श्रामणेर हुन्" भनी उल्लेख भएको छ।

बिन्दुसार राजाले अशोक राजकुमारलाई उपराजपदमा राखी

---

१. दिव्यावदान; पांशुप्रदानावदान पृ. २३२ मा चाहिं 'सुसीम' भन्ने उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital

अवन्तीको उज्जैनमा पठाएका थिए¹। त्यस बखत उनी उज्जैन पुग्नुभन्दा अघि वेदिसगिरि नगरमा पुग्दा वेदिस सेठको घरमा बास बसेका थिए। अनि त्यहाँ उनले वेदिस सेठको छोरीसँग सहवास गरेका थिए। जसको तरफबाट महेन्द्र (महिन्द) जन्मेका थिए। दुइ वर्ष पछि फेरि संघमित्ता (=संघमित्रा) जन्मेकी थिइन्। (महा. वं. टी. पृ. २८३; सम. पा. I. पृ. ६१ बाहिरनिदानकथा) महेन्द्र राजकुमार १४ वर्ष पुग्दा अशोकले अभिषेक पाएका थिए। वेदिस सेठकी छोरीको नाम 'देवी' थियो। यिनैलाई 'वेदिस महादेवी' पनि भन्दछन्। यी कुमारी विडूडभको आक्रमणबाट बचन भागेर गएका एक शाक्यकुलकी कन्या थिइन् भनि डा. मललसेकरले आफ्नो D.P.P.I. पृ. २१७ मा उल्लेख गरेका छन्।

जब बिन्दुसार राजा सिकिस्त भए। तब उनले आफ्ना छोरा अशोकलाई बोलाउन पठाएका थिए। खबर पाउने बित्तिकै अशोक-उपराजा तुरुन्त पाटलिपुत्र²मा आए। पाटलिपुत्रमा आउँदा उनले आफ्ना छोरा छोरी सहित पत्नीलाई पनि वेदिशगिरि नगरमा नै छाडेर आएका थिए। पाटलिपुत्रमा पुग्नासाथ आफ्ना पिता बिन्दुसारको देहान्त भयो। अनि उनको दाहसंस्कार गरिसकेपछि अशोकले आफ्ना सहोदर तिस्स (=तिष्य) राजकुमार एकजना बाहेक

---

१. दिव्यावदान; पांशुप्रदानावदान २६ पृ. २३४ मा चाहिं तक्षसिलामा पठाएको कुरा उल्लेख भएको छ।

२. पाटलिपुत्रलाई 'पुष्पपुर' पनि भन्दछन्।

Downloaded from http://dhamma.digital

सौतेनी आमाहरूका ९९ जना दाजुभाइहरू सबैलाई हत्यागर्न लगाई आफू राजा बने। (महा. वं. टी. पृ. २८४ तेरसम परिच्छेद; सम. पा. I. पृ. ३६ बाहिरनिदानकथा)

अशोकको प्रथम अग्रमहिषी असन्धिमित्ता (=असन्धिमित्रा) थिइन्। (सम. पा. I. पृ. ३७ बाहिरनिदानकथा; महा. वं. टी. पृ. १६५ पञ्चम परिच्छेद; दी. नि. अ. क. II. पृ. १४३ महापदान सुत्त-वण्णना) त्यसैले महा. वं. टी. पृ. १४६ पंचम परिच्छेदले यस्तो उल्लेख गरेको हो—

"बेमातिके भातरो सो, हन्त्वा एकूनकं सतं।
सकले जम्बुदीपस्मि, एकरज्ज मपापुणि॥"

अर्थात्— "विभिन्न सौतेनी आमाहरूका ९९ जना दाजुभाइहरूलाई मारेर[1] सारा जम्बुद्वीपमा एकछत्र राज्य गरे।"

राज्याभिषेक नगरिकनै अशोकले ४ वर्ष राज्य गरे। पछि भगवान् बुद्ध परिनिर्वाण भएको २१८ औं वर्षमा राज्याभिषेक प्राप्त गरी राज्य गर्न थालेका हुन्। (महा. वं. टी. पृ. १४६-१५५; सम.

१. दिव्यावदान, पंशुप्रदानावदान पृ. २३५ मा चाहिं ५०० जना अमात्यहरूको टाउको काटी अन्तःपुर वासी ५०० आईमाईहरूको शरीरमा कपडा वेर्न लगाई उनीहरूलाई आगो लगाइ दिएका थिए भन्ने उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital

पा. I. पृ. ३६) सहोदर तिस्स (=तिष्य) राजकुमारलाई उपराजाको पदमा राखे। त्यसंले महा. वं. टी. पृ. १५६ मा यस्तो उल्लेख भएको छ—

"राजाभिसित्तो सो 'सोक' कुमार तिस्स सञ्ञयं।
कणिट्ठकं सोदरियं, उपरज्जेभिसेचयि ॥"

अर्थात्— "राज्याभिषेक प्राप्त भइसकेपछि अशोक राजाले तिस्स भन्ने नाम हुने सहोदर भाइलाई उपराजपदमा राखे।" सम. पा. I. पृ. ४७ ले पनि "रञ्ञो एकमातिको भाता तिस्सकुमारो नाम, तं किर राजा पत्ताभिसेको ओपरज्जे ठपेसी।" अर्थात्— "अभिषेक प्राप्त भइसकेपछि अशोक राजाले सहोदर भाइ तिष्य कुमारलाई उपराजपदमा प्रतिष्ठित गरे" भनी उल्लेख गरेको छ।

अशोक राजाको पहिली अग्रमहिषी असन्धिमित्ता (=असन्धि-मित्रा) हुन् भन्ने कुरा सम. पा. I. पृ. ३७ बाहिरनिदानकथा; महा. वं. पृ. १६५ पञ्चम परिच्छेदमा पनि उल्लेख भएको छ।

एक दिन असन्धिमित्ताले भिक्षुसंघ संग सोधे—

"भन्ते! बुद्धको स्वर जस्तै स्वर हुने अर्को पनि कोहि छ के?"

"करवीक भन्ने चरो छ।"

"त्यस्तो चरो कहाँ छ त?"

"हिमालय तिर।"

Downloaded from http://dhamma.digital

अनि महारानीले "महाराज ! मलाई करवीक चरोको स्वर सुन्न सारै इच्छा लागेको छ भनी विन्ती गरिन् ।" अनि राजाले "यो पिंजरामा बसी करवीक चरा यहाँ आउनु पर्‍यो" भनी आज्ञा दिई पिंजरा आकाशमा छोडिदिए । पिंजरा गएर एक करवीक चराको अगाडि अडियो । "राजाको हुकुमले आएको यस पिंजरामा बसेर नगइ हुन्न" भन्ने ठानी एउटा करवीक चरा पिंजरामा बसी राजाको अगाडि उपस्थित भयो । परन्तु चराले आवाज निकालेन ।

"हे मंत्रीहो ! यो चराले किन आवाज न निकालेको होला ?"

"देव ! शायद आफ्ना नाताकुटुम्बहरू कोही पनि न देखेर होला ।"

अनि राजाले पिंजराको चारैतिर ऐना राख्न लगाए । अनि चराले "अबत मेरा नाता कुटुम्बहरू पनि आए" भनी पखेटा फर फराई मणिवंश फुकेको जस्तो गरी यस्तो मीठो स्वर निकाल्यो कि नगरमा बस्ने मानिसहरू पनि त्यसको स्वरमा मुग्ध भए । यो चराको स्वर त यस्तो मधुर छ भने सर्वज्ञ ज्ञान प्राप्त गर्नु भएका वहाँ भगवान्‌को स्वर कुन् कति मधुरो हुंदो होला । यति सोची महारानीले आफ्नो मनमा प्रीति प्रामोद्य उत्पन्न गरिन् । यसै प्रीतिलाई पदस्थान गरी सातशय मानिस-हरूका साथ महारानी स्रोतापत्ति फलमा प्रतिस्ठित भइन् । (सुमं. वि. II. पृ. १४३–४४ महापदानसुत्तवण्णना)

Downloaded from http://dhamma.digital

सिंहासनारूढ भएदेखि अशोक राजालाई प्राकृतिक रूपले अनेक अलौकिक प्रभाव उपलब्ध भयो। एकदिन कल्पायु सम्म आयु हुने नागराजालाई लिन पठाई बुद्धरूप बनाई देखाउ भनी आज्ञा दिए। नाग-राजाले ३२ लक्षणले युक्त बुद्धरूप निर्माण गरी देखाए। राजाले त्यस रूपलाई हेरी एकहप्तासम्म नेत्रपुजा गरे। (सम. पा. I. पृ. ३७ बाहिर-निदानकथा)

राज्याभिषेक भएको ३ वर्ष सम्म अशोक राजाले आफ्नापिता बिन्दुसारले झैं पाखण्ड आजीवकहरूलाई नै मानिरहे[१]। चौथो वर्षदेखि बुद्धधर्म माथि प्रसन्न भई बुद्धधर्म मान्नथाले। बुद्धधर्म माने पनि दान-प्रदान चाहिं सबैलाई गर्दथे। (सम. पा. I. पृ. ३८)

निग्रोध (=न्यग्रोध) श्रामणेरलाई भेटेपछि मात्र अशोकले बुद्धधर्म ग्रहण गरेका हुन्। निग्रोध श्रामणेर अशोकका दाजु सुमन राजकुमारका छोरा हुन्। (सम. पा. I. पृ. ३९) अशोक राजाले पाटलिपुत्रमा 'अशोकाराम'[२] महाविहार बनाई ६० हजार भिक्षुहरूलाई भोजन दान दिएका थिए। जम्बुद्वीपका ८४ हजार नगरमा ८४ हजार विहारहरू र ८४ हजार चैत्यहरू स्थापना गरेका थिए। यो निर्माण

---

१. दिव्यावदान पृ. २३३–३४ मा उल्लेख भए अनुसार बिन्दुसारका गुरु पिंगलवत्साजीव परिव्राजक थिए।

२. दिव्यावदान पृ. २३६ मा भने 'कुर्कुटाराम' भनी उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital

कार्यको भार महान श्रद्धावान् इन्दगुत्त (इन्द्रगुप्त) स्थविरलाई दिएका थिए। सबै निर्माणकार्य तीन वर्षमा पुरा भएको थियो। (सम. पा. I. पृ. ४२ बाहिरनिदानकथा) यसरी विहारहरू बनाइसक्दा जम्बुद्वीपमा लाखौं लाख भिक्षु भिक्षुणीहरू थिए भनी सम. पा. I. पृ. ४३ ले समुल्लेख गरेको छ।

अत्यन्त प्रफुल्लित भएका राजाले एकदिन भिक्षुसंघसँग यस्तो सोधे —

"भन्तेसङ्घ ! दसबल शास्ताको धर्मको निमित्त यसरी धन खर्च गर्ने अरु पनि छन् कि?"

यसको उत्तरदिने अभिभारा संघले मोग्गलिपुत्त तिस्स (=मौद्‌गलिपुत्र तिष्य) स्थविरलाई दियो। अनि वहाँले भन्नुभयो—

"महाराज ! तपाईं जस्तो धन समर्पणगर्ने व्यक्ति बुद्धकोपालामा पनि कोही थिएनन्।"

अनि अशोक राजाको मनमा "त्यसो भए म भगवान्‌को अंशभागी भएको रहेछु कि रहेन छु" भन्ने लागेपछि भिक्षुसंघसँग प्रश्न सोधे। मोग्गलिपुत्त तिस्स स्थविरले त्यस सभामा बसिरहेका महेन्द्रको पुण्य प्रभावलाई देखि यदि यी राजकुमार बुद्धशासनमा प्रव्रजित भएका खण्डमा बुद्धधर्मको ठूलो अभिवृद्धि हुने छ भन्ने कुरा बुझ्नुभई राजालाई यसो भन्नु भयो —

"महाराज ! यत्तिकैले बुद्धशासनको अंशभागी हुन सकिन्न। अहिले तपाईं वस्तुदानगर्ने एक उपस्थापक मात्र हुनु भयो।"

Downloaded from http://dhamma.digital

यो सुनेर राजाले "भन्ते ! त्यसोभए कसरी बुद्धशासनको अंशभागी हुन सकुँला त ?"

"महाराज ! धनीहोस् वा गरीब, जसले आफ्नो सन्तानलाई बुद्धशासनमा प्रव्रजित गराउँछ उ बुद्धशासनको अंशभागी हुनसक्छ ।"

यो सुनेर राजाले "यतिका धन खर्च गरेर पनि बुद्धशासनको अंशभागी हुन सकेको रहेन छु । जसरी भए पनि बुद्धशासनको अंशभागी हुन सक्नु पऱ्यो" भन्ने मनमा लिई यता उता हेर्दा नजिकमा बसिरहेका महेन्द्रलाई देखे । यद्यपि तिस्स (=तिष्य) उपराज प्रव्रजित भएदेखि महेन्द्रलाई उपराजा बनाउन चाहन्थे । अनि राजाले उपराजपद भन्दा त प्रव्रज्यानै श्रेष्ठ छ भन्ने ठानी राजकुमारसँग "सक्छौ के राजकुमार प्रव्रजित हुन ?" भनी सोधे । तिस्स कुमार प्रव्रजित भएदेखि महेन्द्र पनि प्रव्रजित हुन चाहन्थे । त्यसैले अति प्रसन्न भई "बुबा ! सक्छु । मलाई प्रव्रजित गराउनुभई तपाईं बुद्धशासनको अंशभागी बन्नुहोस्" भनी उत्तर दिए ।

त्यस बखत राजाकी छोरी संघमित्ता (=संघमित्रा) पनि उहीं थिइन् । अनि राजाले उनीसंग पनि "तिमी पनि प्रव्रजित हुन सक्छौ के ?" भनि सोध्दा उनले पनि सहर्ष स्वीकृति दिइन् । उनको पति अग्गिब्रह्मा अघि नै तिस्स उपराज सँग प्रव्रजित भइसकेका थिए । (सम. पा. I. पृ. ४३–४४ बाहिरनिदानकथा) संघमित्ताको सुमन भन्ने एउटा छोरा थिए । यी कुमार पनि अघिनै प्रव्रजित भइसकेका

Downloaded from http://dhamma.digital

थिए। त्यसैले महा. वं. टी. पृ. १८५ पञ्चम परिच्छेदमा यस्तो उल्लेख भएको —

"तस्सा तस्स सुतो चा पि, सुमनो नाम नामतो।
याचित्वा सो पि राजानं, उपराजेन पब्बजि।"

अर्थात् — संघमित्ता र उनका पति अग्गिब्रह्माहरूको तरफबाट भएका सुमन भन्ने कुमार पनि राजाको वचनलिई उपराजाहुने राजाको सहे भाइ प्रव्रजित भएको बेलामै सुमन कुमार पनि प्रव्रजित भएका थिए।"

यस बखत सुमन कुमारको आयु ७ वर्षको थियो भनी डा. मललसेकरले आफ्नो D. P. P. II. पृ. १२४१ मा उल्लेख गरेका छन्। यो घटना घटेको समय अशोक राजाको राज्यकालको चौथो वर्षमा हो। (महा. वं. टी. पृ. १८६)

अशोकको राज्यकालको चौथो वर्षमा तिस्स उपराजा योनक महाधम्मरक्खित (=योनक महा धर्मरक्षित) स्थविर प्रति प्रसन्न भई बडो मुश्किलले राजाको अनुमति लिई अशोकाराममा गई धम्मरक्खित स्थविरकहाँ प्रव्रजित भएका थिए। राजाका ज्वाइँ अग्गिब्रह्मा पनि त्यसै बखत प्रव्रजित भएका थिए। (सम. पा. I. पृ. ४८; महा. वं टी. पृ. १८४–८५) महेन्द्र र संघमित्ता प्रव्रजित हुँदा अशोकको राज्याभिषेकको छैटौं वर्ष भएको थियो। (सम. पा. I. पृ. ४५)

Downloaded from http://dhamma.digital

जब अशोक राजाको राज्यकालमा बौद्ध भिक्षुहरूको मानसत्कार निकै बढ्न थाल्यो तब अन्य तीर्थिय साधु सन्यासीहरू भकाभक आफैं चीवर पहिरी भिक्षुसंघमा घुस्न थाले । बुद्धधर्मको सिद्धान्तलाई वास्ता नराखी उनीहरू आ-आफ्ना विश्वास र सम्प्रदाय अनुसार नै कसैले अग्निहोत्र, कसैले पञ्चाग्नितापय, कसैले सूर्यको मुख हेरी व्रत पालन गर्थे । यसरी भिक्षुसंघमा मलिनता उत्पन्न भएपछि साँच्चैकै भिक्षुहरूले उनीहरूसँग ७ वर्ष सम्म उपोसथ (भिक्षुहरूले प्रत्येक दुइ हप्तामा गर्नुपर्ने प्रातिमोक्ष शिक्षा पढ्ने काम) र पवारणा (=वर्षावास सिद्धिएपछिगर्नुपर्ने विनयकार्य) गरेनन् । (सम. पा. I. पृ. ४६; महा. वं. टी. पृ. १९६ पञ्चम परिच्छेद)

यो कुरा थाहा पाएपछि राजाले केही मंत्रीहरूलाई "भिक्षुहरूलाई भेला गराई उपोसथ गर्नलगाई मेलमिलाप गराऊ" भनी आज्ञा दिए । ती मूर्ख मंत्रीहरूले उपोसथ गर्न नमान्ने भिक्षुहरूलाई चटाचट् काटे । जब राजाको सहोदर तिस्स स्थविरलाई देखे तब उनीहरू डराएर अकमक्क भई राजासँग के गर्ने भनी सोध्दा राजालाई अत्यन्त डाह भयो । अब यो पाप कसलाई लाग्ने होला भन्ने शंका उत्पन्न भएपछि यो शंका निवारण गर्नको निमित्त राजाले मोग्गलिपुत्त तिस्स स्थविरका उपाध्याय सिग्गव महास्थविरको परलोक भइसकेको हुँदा धर्म-विनयमा पोख्त, अरहत् तथा अभिज्ञालाभी हुनु भएका अहोगंगापर्वतमा बसिरहनु भएका मोग्गलिपुत्त तिस्स स्थविरलाई निम्तो सहित लिन पठाए ।

स्थविर आउनु भए पछि राजाले स्वयं आफ्नै हातले स्थविरको

Downloaded from http://dhamma.digital

पाउ धोई, तेल घसी आफ्नो उद्यानमा लगी "मेरो मनको शंकालाई निवारण गर्न समर्थ हुनु हुन्छ कि हुनु हुन्न" भन्ने परीक्षा गर्नको निमित्त राजाले "भन्ते ! म एउटा प्रातिहार्य हेर्न चाहन्छु "भनी निवेदन गरे ।

"महाराज ! कस्तो प्रातिहार्य हेर्न चाहनु हुन्छ ?"

"भन्ते ! पृथ्वी कम्पन हुने प्रातिहार्य हेर्न चाहन्छु ।"

"महाराज ! सबै पृथ्वी कम्पन हुने प्रातिहार्य कि आंशिक कम्पन हुने ?"

"भन्ते ! यी मध्ये कुनचाहिं कठिन छ ?"

"महाराज ! कुनै भाँडामा राखेको सबै पानी चलाउनु कठिन छ कि केही भाग पानी चलाउन कठिन छ ?"

भन्ते ! केही भाग पानी चलाउनु कठिन छ ।"

"महाराज ! पृथ्वी पनि आंशिकरूपले हल्लाउन कठिन छ ।"

"भन्ते ! त्यसोभए आंशिक पृथ्वी हल्लिने प्रातिहार्य हेर्न चाहन्छु ।"

"महाराज ! त्यसोभए एकएक योजनको सिमाना छुट्याई पूर्वदिशाको सिमानामा रथ राख्नु होस्, दक्षिणदिशाको सिमानामा एउटा घोडा राख्नु होस्, पश्चिमदिशाको सिमानामा एकजना मानिसलाई उभ्याउनु होस् र उत्तरदिशाको सिमानामा एउटा भरी पानी भएको कराई राख्नु होस् ।"

Downloaded from http://dhamma.digital

राजाले त्यस्तै गर्न लगाए। अनि अभिज्ञापादक चतुर्थध्यानमा बस्नुभई त्यसबाट उठी "राजाले देखुन्" भनी योजन प्रमाण मात्र पृथ्वी कम्पन होस् भनी महास्थवीरले अधिष्ठान (= प्रतिज्ञा) गर्नु भयो।

पूर्वदिशाको सिमाना भित्रपर्ने रथको आधा भाग हल्लियो बाहिरको आधा भाग हल्लिएन। दक्षिण दिशाको सिमानाभित्र रहेको घोडाको आधा अंग हल्लियो बाहिरको आधा भाग हल्लिएन। पश्चिम दिशाको सिमानामा उभिएको मानिसको एउटा खुट्टा हल्लियो अर्को खुट्टा चाहिं हल्लिएन। उत्तरदिशाको सिमानामा राखेको पानीको कराईको आधा पानी हल्लियो आधा हल्लिएन।

यस्तो प्रातिहार्य देखेपछि राजाको मनमा "वहाँ मेरो मनको शंका निवारण गर्न सक्षम हुनुहुन्छ" भन्ने ठानी वहाँसंग आफ्नो मनमा लागिरहेको शंका अभिव्यक्त गर्नुभयो। अनि स्थविरले अं. नि.-६ पृ. १२० मा उल्लिखित निब्बेधिक सूत्रको कुरा सुनाउनु हुँदै—"चेतनाहं, भिक्खवे, कम्मं वदामि। चेतयित्वा कम्मं करोतिकायेन, वाचाय, मनसा'ति" भन्ने कुरा सुनाउनु भयो। अर्थात्— भिक्षुहो! विपाक दिन सक्ने चेतनालाईनै म कर्म भन्दछु। मनमा सोचविचार गरेर मात्र काय, वाक् र चित्तले काम गर्छ। उदाहरणको निम्ति वहाँले जा. नं, ३१९ तित्तिरजातकको कुरा पनि सुनाउनु भयो। यति कुरा सुनेपछि राजाको मनको शंका दूर भयो। (सम. पा. I. पृ. ४८–५१ बाहिरनिदानकथा)

यस पछि राजालाई स्थविरले एक हप्तासम्म बुद्धधर्मको मूल

Downloaded from http://dhamma.digital

सिद्धान्तका कुरा सिकाउनु भयो। त्यसपछि राजाले अशोकाराममा सबै भिक्षुहरूलाई भेला गराई आफू पर्दा भित्र बसी "भगवान् बुद्ध के वादी हुनुहुन्छ ?" भनी पर्दाबाहिरका भिक्षुहरूसँग प्रश्न सोधे।

"बुद्धभगवान् शाश्वतवादी,······संज्ञीवादी,······ उच्छेदवादी, ......आदि" भनी उत्तरदिनेहरूलाई "यिनीहरू साँच्चैकै भिक्षुहरू होइनन्" भनी सेतो कपडा लगाउन लगाई पठाइ दिए। ज-जस्ले "भगवान्बुद्ध विभज्जवादी (=विभद्यवादी) अर्थात्— छुट्याइ छुट्याई विभाजन गरी बताउनु हुन्छ" भनी उत्तर दिए; उनीहरूको कुरा ठीक हो कि होइन भनी स्थविरसँग सोधी वहाँले 'ठीक हो' भनी भन्नुभए पछि उनीहरूलाई एक ठाउँमा भेला गराई उपोसथ गर्न लगाए। यसरी अशोक राजाले भिक्षुशासन शुद्धि गरे। (सम. पा. I. पृ. ५२–५३ बाहिरनिदानकथा)

अशोकको राज्यकालको ३०औं वर्षमा उनकी प्रथम अग्रमहिशी असन्धिमित्रा महारानीको देहान्त भयो। त्यसैले महा. वं. टी. पृ. ३७२ वीसति परिच्छेदले "पिया असन्धिमित्ता सा, मता सम्बुद्ध-मामिका" भनी उल्लेख गरेको हो। त्यसपछि ४ वर्षको समयमा राजाले तिस्सरक्खा[1] (=तिष्यरक्षा) लाई अग्रमहिषीको पदमा राखे।

---

१. पालिसाहित्यमा झैं दिव्यावदानमा पनि अशोकका धेरै अग्रमहिषी-हरू पाइन्छन्। तिस्सरक्खालाई दिव्यावदान, कुणालावदान पृ. २६२ मा 'तिष्यरक्षिता' भनी उल्लेख भएको छ। अर्की महारानीको नाम पद्मावती हो। यिनको तरफबाट कुणाल भन्ने

Downloaded from http://dhamma.digital

त्यसैले महा. वं. टी. पृ. ३७२ बीसति परिच्छेदले यस्तो उल्लेख गरेको—

"ततो चतुत्थ वस्सम्हि, धम्मासोको महीपति ।
तिस्सारक्खं महेसित्ते, ठपेसी विसमासनं ।।"

अग्रमहिषी भएको तीन वर्षमा सो मूर्खा रूपाभिमानी तिस्सरक्खा महारानीले "मलाई भन्दा बढता राजाले बोधिवृक्षलाई आदर सत्कार भक्ति गर्छन्" भनी ईर्ष्या गरी रिसले बोधिवृक्षलाई मार्न लगाइन्[१] । त्यसैले महा. वं. टी. पृ. ३७२ ले यस्तो

---

छोरा जन्मेको थियो । कुणाल भन्ने चराको जस्तै यिनको आँखा पनि अति राम्रो भएकोले यिनलाई 'कुणाल' भनिएको हो । उहीं. पृ. २६१ मा कुणालको आँखा अति राम्रो भएकोले तिष्य-रक्षिता उसप्रति आसक्त भएकी थिइन् । आफूले भने जस्तो न गरेकोले तिष्यरक्षिताले पछि कुणालको आँखा झिक्न लगाएकी थिइन् । उहीं पृ. २६२

१. दिव्यावदान, कुणालावदान पृ. २५४ मा पनि तिष्यरक्षिताले बोधिवृक्ष मार्न लगाएको कुरा उल्लेख भएको छ । उनले मातंगी भन्नेलाई पैसा दिइ मन्त्र तथा जप गराई बोधिवृक्षलाई सुकाई दिइन् । यसले गर्दा राजालाई सारै दुःख लाग्यो । महाराजालाई सारै दुःख लागेको कुरा थाहापाई पछि फेरि सोही पुरुषलाई भनी मंत्रगराई, रूखमा दूध हाल्न लगाई फेरि बचाएको कुरा उहीं, पृ. २५५ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

उल्लेख गरेको हो—

"इति कोधवसं गन्त्वा, अत्तनोनत्थकारिका।
मण्डुकण्टक योगेन, महाबोधिं अघातयि ।।"

अर्थात्— "आफ्नो अनर्थ गर्ने तिस्सरक्खा (=तिष्यरक्षा) क्रोधको कारणले मण्डुकण्टकयोग द्वारा अर्थात् विष भएको किला ठोक्न लगाई महाबोधि वृक्ष लाई मार्न लगाइन्।"

त्यसको ४ वर्ष पछि धर्माशोक राजाको पनि देहावशान भयो। धर्माशोक राजाले जम्मा ३७ वर्ष राज्य गरे। (महा, वं. टी. पृ. ३७३ वीसतिम परिच्छेद)

धर्माशोक राजाका एक अर्का भाइ वीतशोकको नाम थेर. गा. अ. क. I. पृ. २९५ मा उल्लेख भएको पाइन्छ। उनी गिरिदत्त स्थविरकहाँ प्रव्रजित भई अरहत् भएका थिए[१]।

---

१. दिब्यावदान, वीतशोकावदान पृ. २७२ मा पनि वीतशोकको कुरा उल्लेख भएको छ। तर कुरामा केही फरक छ। यसमा वीतशोक यश स्थविरकहाँ प्रव्रजित भएको कुरा उल्लेख भएको छ।

अशोककी छोरी चारुमती हुन् भन्नेकुरा हाम्रो नेपालमा निकै प्रचार छ। जुन कुरा पालिसाहित्य र बौद्धसंस्कृत साहित्यमा अहिले सम्म पाउन सकिएको छैन।

Downloaded from http://dhamma.digital

सम. पा. I. पृ. ३०३ ले सम्राट् अशोकलाई द्वीपचक्रवर्ती भनी उल्लेख गरेको छ भने बुद्धकालका बिम्बीसार र प्रसेनजीत् राजाहरू प्रदेश राजाहरू हुन् भनी उल्लेख गरेको छ।

धर्माशोक राजाको देहान्त हुनु भन्दा अगाडि नै उता श्रीलंकामा १० जना छोराहरू[१] र २ जना छोरीहरू भएका तथा ६० वर्ष सम्म राज्य गरेका मुटसीव भन्ने राजाको देहान्त भएपछि उनको माहिला छोरा देवानंपियतिस्स (=देवानंप्रियतिष्य) ले राज्य प्राप्त गरेका थिए।

अनि देवानंपियतिस्सले सम्राट् अशोकलाई आफ्नो भाञ्जा महाअरिट्ठको हातमा आठप्रकारका मोतीहरू तथा अरू पनि अमूल्य वस्तुहरू उपहार पठाएका थिए। यसको बदलामा सम्राट् अशोकले पनि उनलाई छत्र, चामर, खड्ग, मुकुट र रत्नमय पादुका गरी पाँच ककुधभण्डहरू र अभिषेकको निमित्त चाहिने अरू बस्तुहरू पनि उपहार पठाए। (सम. पा. I. पृ. ६५ बाहिरनिदानकथा; महा. वं. टी. पृ. २६२ एकादस परिच्छेद) सन्देश-पत्रमा चाहिं "यी बस्तुहरूद्वारा फेरि पनि अभिषेक लिइयोस्" भनी उल्लेख गरिएको थियो। देवानं-

---

१. महा. वं. टी. पृ. २५९ (एकादशम परिच्छेद) मा मुटसीवका १० जना छोराहरू थिए भन्ने कुरा उल्लेख भएको छ भने एकवीसति परिच्छेद पृ. ३८४ मा ९ जना मात्र थिए। भन्ने कुरा उल्लेख भएको देखिन्छ।

Downloaded from http://dhamma.digital

पियतिस्स राजाले अशोकले पठाएका वस्तुद्वारा फेरि वैशाखपूर्णिमाको दिन अभिषेक लिएका थिए। (सम. पा. I. पृ. ६६; महा. वं. टी. पृ. २७० एकादस परिच्छेद) सन्देश-पत्रमा अशोकले यस्तो पनि उल्लेख गरेका थिए—

"अहं बुद्धं च धम्मं च, सङ्घं च सरणं गतो।
उपासकत्तं वेदेसिं, सक्यपुत्तस्स सासने॥
त्वंपीमानि रतनानि, उत्तमानि नरुत्तम।
चित्तं पसादेत्वान, सद्धाय सरणंभज॥"

(महा. वं. टी. पृ. २६७–६८ एकादस परिच्छेद)

अर्थात्— "बुद्ध, धर्म तथा सङ्घको शरणमा परी शाक्यपुत्रको शासनमा मैले उपासकत्व ग्रहण गरेको छु। तपाईं पनि यी उत्तम रत्न-हरू प्रति चित्तप्रसन्न गरी श्रद्धापूर्वक शरणमा जानुहोस्।"

अशोक र देवानंपियतिस्स राजाहरू धेरै समयदेखि अदृष्ट-मित्र अर्थात् एक अर्कालि भेटघाट नगरेका मित्रहरू थिए। त्यसैले महा. वं. टी. २६२ एकादस परिच्छेदले यस्तो उल्लेख गरेको हो—

"देवानंपियतिस्सो च, धम्मासोको च ते इमे।
द्वे अदिट्ठसहाया हि, चिरप्पभुति भूपति॥"

अर्थात्— "आपसमा देखादेख नभएता पनि धर्माशोक र देवानंपियतिस्स राजाहरू धेरै दिनदेखिका साथीहरू हुन्।"

—

Downloaded from http://dhamma.digital

## पुस्तकमा लेखिएका संक्षिप्त शब्दको अर्थ—

जा. सं ४ — लेखक को जातक संग्रह भाग ४। प्रकाशक: आनन्द-कुटी विहार गुठी, स्वयम्भू, काठमाडौं। ई. सं. १९८३

जा. नं. — जातकहरूको क्रमसंख्या।

दिव्यावदान — प्रकाशक : मिथिला विद्यापीठ, दरभंगा भारत। ई. सं. १९५९

महा. वं. टी.— महावंसटीका, प्रकाशक : नवनालन्दा महाविहार, नवनालन्दा, पटना, भारत। ई. सं. १९७१

सम. पा. — समन्तपासादिका (विनयअट्ठकथा) प्रकाशक : नवनालन्दा महाविहार, नवनालन्दा, पटना, भारत। ई. सं. १९६४

सुमं वि. — सुमङ्गलविलासिनी (दीघनिकायट्ठकथा), प्रकाशक: नवनालन्दा महाविहार, नवनालन्दा, पटना, भारत। ई. सं. १९७५

D. P. P. — Dictionary of Pali Proper Names, प्रकाशक : John Murray, Albemarle Street, London 1937.

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| २६. | बुद्धकालीन श्रावक-चरित | भाग–२ | ...रू. १७/– |
| २७. | बुद्धकालीन श्रावक-चरित | भाग–३ | ...रू. २०/– |
| २८. | बुद्धकालीन श्रावक-चरित | भाग–४ | ...रू. १४/– |
| २९. | बुद्धकालीन श्रावक-चरित | भाग–५ | ...रू. १४/– |
| ३०. | बुद्धकालीन श्रावक-चरित | भाग–६ | ...रू. ३०/– |
| ३१. | बुद्धकालीन श्राविकाचरित | भाग–१ | ...रू. २२/– |
| ३२. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–१ | ...रू. १८/– |
| ३३. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–२ | ...रू. १८/– |
| ३४. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–३ | ...रू. १४/– |
| ३५. | बुद्धकालीन प्रेतकथा | | ...रू. १०/– |
| ३६. | बुद्धकालीन विमानकथा | | ...रू. १२/– |
| ३७. | जातक संग्रह | भाग–१ | ...रू. १०/– |
| ३८. | जातक संग्रह | भाग–२ | ...रू. ८/– |
| ३९. | जातक संग्रह | भाग–३ | ...रू. १३/– |
| ४०. | जातक संग्रह | भाग–४ | ...रू. १२/– |
| ४१. | संक्षिप्त कथा सहित धम्मपद द्वितीयावृत्ति | | ...रू. १५/– |
| ४२. | यशोधरा | | ...रू. ११/– |
| ४३. | विषय सूची | भाग–१ | ...रू. ५/– |
| ४४. | विषय सूची | भाग–२ | ...रू. १०/– |
| ४५. | जापान भ्रमणको डायरी | | ...रू. ४/– |
| ४६. | त्रिरत्न वन्दना र पाठयसूत्र | | ...रू. ४/– |
| ४७. | महासीहनादसुत्त | | |
| ४८. | नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास | | |
| ४९. | सोलुखुम्बू यात्राको डायरी | | ...रू. ५/– |
| ५०. | वेस्सन्तर जातक द्वितीयवृत्ति | | ...रू. १२/– |
| ५१. | सम्राट् अशोक | | ...रू. २/५० |

नेवारीमा :

| | |
|---|---|
| ५२. | अग्रश्रावक |

Downloaded from http://dhamma.digital

५३. आर्यसत्य तृतीयावृत्ति
५४. कर्मविभाग तृतियावृत्ति
५५. त्रिरत्न वन्दना
५६. धर्म व विनय
५७. प्रजापति गौतमी
५८. पाठ्यसूत्र
५९. बौद्ध कहानी
६०. सर्वज्ञ धातु
६१. गृही–विनय चतुर्थावृत्ति ...रू. ३/५०
६२. जातकमाला भाग–१ तृतीयावृत्ति ...रू. १/७५
६३. जातकमाला भाग–२ द्वितीयावृत्ति
६४. धम्मपद चतुर्थावृत्ति ...रू. ८/–
६५. धम्मपट्ठकथा भाग–१ द्वितीयावृत्ति ...रू. १२/–
६६. बुद्धशासनया इतिहास भाग–१ ...रू. १/–
६७. संक्षिप्त बुद्धजीवनी चतुर्थावृत्ति ...रू. ४/–
६८. महास्वप्न जातक द्वितीयावृत्ति
६९. वेस्सन्तर जातक द्वितीयवृत्ति ...रू. ४/–
७०. सूत्रसंग्रह ...रू. १/५०
७१. न्ह्योसःया लिसः ...रू. ३/–
७२ महाकाश्यप चरित्त ...रू. २०/–
७३. ज्ञानमाल भजन १५गू गु आवृत्ति ...रू. ५/–

अंग्रेजीमा :

७४. Buddhist Activities in Social Countries
७५. Kings of Buddha's Time
७६. A Short History of Theravada Buddhism in Modern Nepal... (Third Edi.)

Downloaded from http://dhamma.digital